छलफल तथा निर्णयहरुः

१. यस जिल्लामा सञ्चालनमा रहेका चुनढुङ्गा खानीका सम्बन्धमा राष्ट्रिय तथा जिल्ला स्थित सञ्चार माध्यमबाट प्रकाशित समाचारहरु र जनस्तरबाट व्यक्त भनाइहरुका सन्दर्भमा आजको बैठकमा विशेष महत्व दिई गम्भिरताका साथ छलफल गरियो । यस जिल्लाका विभिन्न ९ वटा कम्पनीका १० स्थानमा सञ्चालित चुनढुङ्गा खानी मध्ये ४ वटा कम्पनीले विगतका आ.व.मा रोयल्टी अपचलन गरेको बिषयमा अनुसन्धान गर्ने अंगबाट बिशेष अदालतमा मुद्दा दायर भएकोमा ती खानीहरुको सञ्चालनको अवस्था[redacted] र सम्बद्ध सार्वजनिक निकायहरुको भूमिका सम्बन्धमा छलफल तथा जानकारी आदान प्रदान गरियो ।

२. खानी उद्योग सञ्चालनको सम्झौता, अनुमति, नविकरण, रोयल्टी निर्धारण र असुली गर्ने प्रमुख जिम्मेवारी खानी तथा भूगर्व विभाग, काठमाडौंमा रहेको अवस्थामा ईजाजत प्राप्त चुनढुङ्गा खानी उद्योगहरुको नियमन गर्ने मुख्य दायित्व पनि खानी तथा भूगर्व विभागकै भएकोले सालबसाली रुपमा कुन कुन स्थानमा के कति के कस्तो खानीजन्य पदार्थ उत्खनन गर्न र ढुवानी गरि लैजाने अनुमति पाएका हुन र रोयल्टी रकम कति हो ? अभियोग दर्ता भएका खानीको स्टाटस के हो ? जिल्लाका सरोकारवाला निकायलाई यथार्थ जानकारी दिन, मापदण्ड पालना नगरेका खानी मापदण्ड पालना नगर्दा सम्म बन्द गराउन, विज्ञ सहित अनुगमन गरी सो को प्रतिवेदन जि.स.स./जिल्ला प्रशासनमा समेत उपलब्ध गराउन, सिद्धार्थ राजमार्ग र जिल्लाका अन्य फिडर रोडमा चुनढुङ्गा ढुवानी गर्ने ट्रिपरको अधिक लोड, तिव्र गतिले सडक जिर्ण हुने र ट्राफिकजाम अत्यधिकभई सर्वसाधारण यात्रुले कष्टकर यात्रा गर्न बाध्य भएकाले यस जिल्लामा चुनढुङ्गा खानी सर्वेक्षण, नयाँ खानी सञ्चालनको अनुमति(पाइपलाइनमा रहेका समेत) दिनु पूर्व सम्बन्धित पालिकाको गाउँ/नगरसभाको निर्णय सहितको जि.स.स.को सिफारिस अनिवार्य गर्ने व्यवस्था गर्न र चुनढुङ्गा ढुवानी गर्ने बैकल्पिक मार्गको व्यवस्थाबिना नयाँ खानी उत्खननको अनुमति नदिने व्यवस्थाका लागि खानी तथा भूगर्व विभागमा लेखि पठाउने निर्णय गरियो ।

३. बन तथा भूसंरक्षण विभाग र खानी सञ्चालक बिच भएको संझौता बमोजिमका शर्त पालना गरे नगरेको बिषयमा डिभिजन बन कार्यालयले उद्योगहरुको स्थलगत अनुगमन कार्य सालबसाली रुपमा गर्ने गरेको जानकारी प्राप्त भयो । डिभिजन बन कार्यालयले सम्बन्धित पालिकाको आधिकारीक प्रतिनिधि र आवश्यकतानुसार जि.स.स./जिल्ला प्रशासन कार्यालय/नापी कार्यालयको प्रतिनिधी सहित स्थलगत अनुगमन गरि शर्त/मापदण्ड पालना नगरेको पाईएमा आफैले कारवाही गर्ने विषय जति आफैले कारवाही गर्ने, अन्य निकायबाट कारवाही गर्न पर्नेमा सो को सिफारिश गर्ने र सरोकारवाला विच प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरियो ।

४. सञ्चालित चुनढुङ्गा खानीका कारण स्थानीय वातावरणमा पर्ने प्रतिकूल असर कम गर्ने कार्य, खानीका कारण सर्वसाधारण जनताको जीविकोपार्जन र वासस्थानमा परेको कठिनाईको बिषय, खानीबाट उत्पादन भएका चुनढुङ्गा बाहेकका ग्राभेल तथा अन्य निर्माणजन्य सामाग्रीको उपयोगिताको उचित व्यवस्थापनको विषय र खानी अनुमति नविकारणका लागि सहमती दिनुपूर्व जिल्ला सभाको राय सुझाव लिई मात्र गर्न सबै पालिकाहरुको बिशेष ध्यानाकर्षण गराउने कार्यका साथै यस सम्बन्धि विषयको अनुगमन/निरीक्षणको अपनत्व र जिम्मेवारी जिल्ला समन्वय समितिले गर्ने र आवश्यक समन्वय र सहजीकरणको भूमिका जिल्ला प्रशासन कार्यालयले गर्ने निर्णय गरियो ।